# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

☎:{ 067 – 411101 / 067 – 411102
✉ : info@paiyunmun.gov.np
🌐: www.paiyunmun.gov.np


प.सः २०८०/८१

मितिः२०८१।०५।१७

च.नं :

**मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाइ औषधी उपचार खर्चका लागि नवीकरण गर्ने सूचना।**

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८/१२/१३ मा स्वीकृत मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाइ औषधी उपचार वापतको खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार प्रत्येक आ.ब. को सुरुमा लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा नवीकरण गर्नुपर्ने ब्यवस्था भएकोले आ.ब.२०८०/८१ मा यस पैयूँ गाउँपालिकाबाट औषधी उपचार खर्च लिएका तथा उक्त कार्यविधि अनुसार औषधी उपचार खर्च पाउनुपर्ने लाभग्राहीहरुले तपसिल बमोजिमको कागजात सहित आफ्नो वडा कार्यालयमा २०८१ भाद्र मसान्तसम्म निबेदन दिनुहुन अनुरोध छ ।

तपसिलः

१.नवीकरणको लागि सम्बन्धित बिरामीको निबेदन,

२. बिरामीको नागरिकताको प्रतिलिपि,

३. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएको प्रमाणित कागजात,

४. क्यान्सर रोग पहिचान भइ उपचार पछी निको भइसकेका क्यान्सर रोगिको हकमा ३/३ महिना भित्र निरन्तर निगरानीमा (Close Follow Up)रहेको रोग खुलेको कागजात,

५. मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपि,

६. बिरामीको बैङ्क खाता नम्बर खुलेको चेकको प्रतिलिपि,

७.नियमानुसार भरिएको अनुसूची १ र अनुसूची २ (मेरुदण्ड पक्षघातका बिरामी बाहेक)।

..............................

(सुरज अधिकारी)

**नि.प्रमुख प्रशासकीय अधिकृत**